# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८ ] काठमाडौं, आश्विन १० गते २०२५ साल [ अतिरिक्ताङ्क १६

# शाही घोषणा

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरवार

श्री ५ महाराजाधिराजबाट सम्वत् २०२५ साल आश्विन १० गते रोज ४ का दिन राष्ट्रको नाउँमा बक्सेको शाही घोषणा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आगे प्यारा प्रजा गैह्लके यथोचित,

दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको प्रादुर्भाव भएदेखिन् विभिन्न समस्या तथा कठिनाइको सामना गर्न परे तापनि हाम्रो देशले विभिन्न क्षेत्रमा उन्नति पनि गर्दै लगेको कुरा कसैबाट छिपेको छैन । आजभन्दा ५।७ वर्ष अघिको देशको परिस्थिति र आजको अवस्था निष्पक्ष भई तुलनात्मक दृष्टिले हेरेमा सबै कुरा स्पष्ट छँदैछ । देशलाई अझै द्रुतगतिले उन्नति पथतिर लाने प्रयत्न नभएको होइन तापनि नेपाली समाजको बढ्दो मांगलाई पूरा गर्न बढी जिम्मेवार मन्त्रिपरिषद् बनाउन परेकोले,

तथा पञ्चायत व्यवस्थानुकूल पञ्चले नै नेतृत्व लिन सकोस् भन्ने पवित्र उद्देश्यले आज यसै घोषणाद्वारा वर्तमान मन्त्रिपरिषद् विघटन गरी, नेपालको संविधान बमोजिम श्री सूर्य-बहादुर थापालाई पुनः प्रधानमन्त्रीमा नियुक्त गरी निजको अध्यक्षतामा देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरिबक्सेका छौं ।

मन्त्रिपरिषद् गठन विधि

| | | |
|---|---|---|
| (१) | श्री सूर्यबहादुर थापा | प्रधानमन्त्री । |
| (२) | श्री गिरिप्रसाद बूढाथोकी | मन्त्री । |
| (३) | श्री सुरेन्द्रबहादुर बस्नेत | मन्त्री । |
| (४) | श्री गेहेन्द्रबहादुर राजभण्डारी | मन्त्री । |
| (५) | श्री रुद्रप्रसाद गिरी | मन्त्री । |

राज्यमन्त्रीहरू

| | | |
|---|---|---|
| (१) | श्री नवराज सुवेदी | राज्यमन्त्री । |
| (२) | श्री विष्णुकुमार तुम्बाहाम्फे | ,, |
| (३) | श्री बासुदेवप्रसाद ढुङ्गाना | ,, |
| (४) | श्री विश्वनाथ अग्रवाल | ,, |
| (५) | श्री लोकप्रताप विष्ट | ,, |
| (६) | श्री नेत्रविक्रम थापा | ,, |
| (७) | श्री रवीन्द्रनाथ शर्मा | ,, |
| (८) | श्री नैनबहादुर स्वाँर | ,, |
| (९) | श्री सिंहध्वज खड्का | ,, |

नवगठित मन्त्रिपरिषद्ले जनआकांक्षा तथा पञ्चायत व्यवस्थानुरूप गर्नुपर्ने अधिकार र कर्त्तव्य निष्पक्ष, सक्षम तथा बढी जिम्मेदारीपूर्वक गर्ने गराउने छ भन्ने हामीले दृढविश्वास राखेकाछौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै पनि देशको उन्नतिमा मुख्यतः देशवासीकै पवित्र सदिच्छा तथा सहयोग अत्यावश्यक छ भन्ने कुरा निर्विवाद छ । अतः आज पनि सँधैको जस्तै सबैको सहयोग तथा सद्भावना यो मन्त्रिपरिषद्ले पनि पाउने नै छ भन्ने हाम्रो आशा छ ।

विघटित मन्त्रिपरिषद्मा रही काम गर्ने सबैलाई आजसम्म इमान्दारीपूर्वक गरेको कामको निमित्त धन्यवाद छ ।

श्री पशुपतिनाथ तथा श्री गुह्येश्वरीले नेपाल र नेपाली समाजलाई अरू प्रगति र विकास गर्न सक्ने बढी क्षमता तथा शक्ति प्रदान गरून् ।

राजदरवार, काठमाडौं, जय नेपाल ।

मितिः– २०२५।६।१०।४

हुकुम बक्से बमोजिम,
सरदार हंसमानसिंह
श्री ५ महाराजाधिराजका प्रमुख सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।